# श्री मुगु जिल्ला अदालत

## गमगढी,मुगु

### सिलबन्धि दरभाउ पत्र आव्हान सम्बन्धि सूचना

**सूचना नं. ०१-०७७/०७८**

**प्रथम पटक प्रकाशित मितिः२०७७/०५/३०**

चालु आ.ब. २०७७ /०७८ को लागी सम्मानित सर्वोच्च अदालटबाट स्विकृत बार्षिक कार्यक्रम अनुसार जिल्ला अदालत मुगुको कम्पाउण्ड वाल निर्माण कार्यका लागी योग्य इच्छुक निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रित पुर्बकको सिलबन्धि दरभाउ पत्र आब्हान गरिएको छ।

१. नविकरण भएको ईजाजत पत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र र अघिल्लो आर्थिक वर्ष २०७६/०७७ को कर चुक्ता प्रमाणपत्रका प्रमाणित प्रतिलिपी संलग्न गरी लिखित निवेदन दिई यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५(पन्ध्रौ) दिन (कार्यालय समय) भित्र यस कार्यालयको आर्थिक प्रशासन शाखाबाट दरभाउ पत्र फाराम खरिद गर्न सकिने छ।

२. यस कार्यालयबाट खरिद गरेको दरभाउ पत्र फाराम नियम अनुसार भरी सिलबन्धि गरी खामको बाहिर कामको विवरण, ठेक्का नं. दरभाउ पत्र दाताको नाम, ठेगाना र सम्पर्क नम्बर समेत खोली कार्यालयलाई सम्बोधन गरी सूचना प्रकाशन भएको १६(सोहौं) दिन दिनको १२ :00 बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नुच पर्नेछ । दर्ता भएका दरभाउ पत्र सोही दिनको २:०० बजे दरभाउपत्रदाता स्वयं वा निजको प्रतिनिधि र कार्यालय प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ।दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएतापनि दरभाउपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन ।

३. सिलबन्धि दरभाउपत्र साथ तपसिलमा उल्लेखित यस कार्यालयको कोड नं. २०४९७६३०१ राजश्वा रकम कोष तथा लेखा नियन्त्रक कार्यालय मुगुको राजश्वै खाता नं.१०००२०००१०००० र जमानत बापतको रकम कोष तथा लेखा नियन्त्रक कार्यालय मुगुको रा.बा. बैकमा रहेको धरौटी खाता नं ४०६०२०३०००००० मा जम्मा गरेको सक्क लै बैंक भौचर यस कार्यालयको नाममा जारी गरेको बैंक जमानी पत्र (विडवण्ड) संलग्न रहेको हुनु पर्ने छ ।

४. दरभाउ पत्र शर्त रहित, प्रत्यक आईटममा केरमेट नभएको, कार्यालयबाट उपलब्ध गराईएको डकुमेन्टमा कुनै थप घट वा द्रष्टब्य नलेखिएको हुनु पर्नेछ। दररेट सच्याउनु पर्ने भएमा सच्याईएको

ठाउँमा आधिकारिक व्यक्तीबाट दस्तखत भएको हुनु पर्नेछ। समय भित्र प्राप्त् नभएको रित नपुगेको, सूचनाको शर्त विपरित भएको दरभाउ पत्र माथी कुनै कारवाही हुने छैन ।

५. सिलबन्धि दरभाउ पत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन बिदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिनलाई तत् तत् प्रयोजनका लागी अन्तिम दिन मानिनेछ।

६. यस सूचनामा उल्लेख नभएका ब्यहोराको हकमा सार्वजनिक खरिद ऐन, २०६३ (शंशोधन सहित) तथा सार्वजनिक खरिद नियमावली २०६४ (शंशोधन सहित) बमोजिम हुनेछ। बिस्तृत जानकारीका लागी जिल्ला अदालत मुगुको फोन नं ०८७४६०२१४ वा वेव साईड http://www.supremecourt.gov.np/court/mugudc मा सम्पर्क गर्न सकिनेछ ।

| सि. नं. | ठेक्का/ नं. | आयोजनाको नाम | ल.ई.रकम (मु.अ.कर र कन्टिनजेन्सी बाहेक) | जमानत रकम रू. | दरभाउ पत्र दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ०१/०७७/०७८ | कार्यालयको वरिपरीप पर्खाल निर्माण | १२७०७०६.८० | ३५०००।- | १,०००।- | |